# गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद – दक्षिण कोरियाको विधान २००६

(२०२२ को संशोधन सहित मिलाईएको रुपमा )

**गैर आवासीय नेपाली संघ,**

**राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरिया**

**सउल, दक्षिण कोरिया**

# गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको विधान २००६

(२०२२ को संशोधन सहित मिलाईएको रुपमा)

**प्रस्तावना**

नेपालको विकास र प्रवर्द्धनमा टेवा पुऱ्याउन, विश्वका विभिन्न मुलुकहरुमा बसोवास गरिरहेका गैर आवासीय नेपालीहरुको हितको पक्षपोषण गर्न संगठित रुपले अघि बढ्नका लागि इस्वी संम्बत २००३ (वि. स. २०६०) मा लण्डनमा सम्पन्न गैरआवासीय नेपालीहरुको एक भेलामा व्यापक छलफल भइ आफ्नो गतिविधिहरुलाई समन्वय एवं संचालन गर्न आधारभूत मानव अधिकार प्रति प्रतिवद्ध एक जिम्मेवार संस्थाको गठन हुनु पर्ने आवश्यकतालाई मनन् गरी एक स्वतन्त्र, गैर नाफामूलक, गैर राजनीतिक, गैर सरकारी, चिरस्थायी, एक संघको रुपमा स्थापित गैर आवासीय नेपाली संघको बृहत्तर दायरा भित्र रहि दक्षिण कोरियामा विविध गतिविधि सञ्चालन गर्न इस्वी संम्बत २००६ (वि. स. २०६३) को मे महिनाको २० तारिखमा दक्षिण कोरियाको राजधानी सउलमा सम्पन्न भेलाको निर्णय बमोजिम गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद - **दक्षिण कोरिया** गठन एवं सञ्चालनका लागि यो विधान बनाई लागु गरिएको छ ।

## परिच्छेद १

### १. संक्षिप्त नाम र प्रारम्भ

१.१. यस संघको नाम "गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरिया (यसपछि "राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरिया " भनिनेछ ।

१.२. अंग्रेजीमा "Non Resident Nepali Association, National Coordination Council-South Korea" छोटकरीमा NRNA-NCC-Korea हुनेछ ।

१.३. सउल महानगरपालिकामा यस संस्थाको नाम "NRNA, KOREA" र कोरियानमा "엔아르엔에, 코리아" हुनेछ ।

१.४. यो विधान गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको राष्ट्रिय महाधिवेशनले पारित गर्ना साथ लागु हुनेछ ।

२. यो संस्थाको केन्द्रिय कार्यालय, दक्षिण कोरियाको राजधानी सउलमा रहने गरी अन्य शाखा कार्यालयहरु आवश्यकता अनुसार खोल्न र बिस्तार गर्न सकिने छ ।

३. यो संघ गैर-नाफामुलक, अविच्छिन्न उत्तराधिकारवाला तथा गैर-राजनैतिक सामाजिक संस्था हुनेछ ।

४. गैर आवासीय नेपाली संघले तोके बमोजिम नै यसै विधानको अनुसुची बमोजिम लोगो, लेटर हेड, सदस्यता परिचय पत्र र संस्थाको छाप र सपथ रहनेछ ।

## परिच्छेद – २

## ५. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा

५.१. "गैरआवासीय नेपाली" भन्नाले नेपाली मुलको विदेशी नागरिक वा दुई वर्ष भन्दा बढि नेपाल सरकारबाट खटीई विदेशस्थित नेपाली नियोगमा बहाल रहेको, विदेश स्थित शिक्षण संस्थामा अध्ययन गरिरहेको नेपाली नागरिक र दक्षिण एसियाली सहयोग संगठन अन्तर्गतका मुलुकहरु वाहेकका अन्य देशहरुमा पेशा, रोजगारी वा व्यवसाय गरी बसोवास गर्ने नेपाली नागरिकलाई जनाउंदछ। यसै अनुच्छेदमा उल्लेखित "नेपाली मूलका विदेशी नागरिक" भन्नाले कुनै व्यक्ति साविकमा स्वयम् वा निजको बाबु, आमा, बाजे, वा बज्यै नेपालको नागरिक रही पछि दक्षिण एसियाली सहयोग संगठन (सार्क) को सदस्य मुलुक बाहेक अन्य मुलुकको नागरिकता लिएको व्यक्तिलाई जनाउनेछ।

५.२. "संघ" भन्नाले गैर आवासीय नेपाली संघलाई जनाउने छ।

५.३. "राष्ट्रिय समन्वय परिषद" भन्नाले राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियालाई जनाउने छ।

५.४. "राष्ट्रिय महाधिवेशन" भन्नाले निर्वाचन हुनका लागि दुई वर्षमा आयोजना गरिने अधिवेशनलाई बुझाउने छ।

५.५. "वार्षिक अधिवेशन" भन्नाले राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको वार्षिक अधिवेशनलाई बुझाउने छ।

५.६. "विशेष अधिवेशन" भन्नाले राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको विशेष अधिवेशनलाई बुझाउने छ।

५.७. "क्षेत्रीय अधिवेशन" भन्नाले राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरिया अन्तर्गत गठित क्षेत्रीय परिषदहरुको अधिवेशनलाई बुझाउने छ।

५.८ "सचिवालय" भन्नाले संघको दैनिक कार्य संचालनार्थ राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाले स्थापना गरेको कार्यालयलाई जनाउनेछ।

५.९. "पदाधिकारी" भन्नाले राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाका अध्यक्ष, बरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरु , महासचिव, सचिव, कोषाध्यक्ष, सह-कोषाध्यक्ष , प्रवक्ता, यूवा तथा विद्यार्थी संयोजक र महिला संयोजकलाई जनाउने छ।

५.१०. "अध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको अध्यक्षलाई जनाउने छ।

५.११. "बरिष्ठ उपाध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको बरिष्ठ उपाध्यक्षलाई जनाउने छ।

५.१२. "उपाध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको उपाध्यक्षलाई जनाउने छ।

५.१३. "महासचिव" भन्नाले राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको महासचिवलाई जनाउने छ।

५.१४. “सचिव” भन्नाले राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको सचिव लाई बुझाउने छ।

५.१५.“कोषाध्यक्ष” भन्नाले राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको कोषाध्यक्षलाई बुझाउने छ।

५.१६. “सह-कोषाध्यक्ष” भन्नाले राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको सह-कोषाध्यक्ष लाई बुझाउने छ।

५.१७. “प्रवक्ता” भन्नाले राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको प्रवक्तालाई जनाउने छ।

५.१८. “युवा तथा बिधार्थी संयोजक” भन्नाले राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको युवा तथा बिधार्थी संयोजकलाई जनाउने छ।

५.१९. “महिला संयोजक” भन्नाले राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको महिला संयोजकलाई जनाउने छ।

५.२०. “परिषद सदस्य” भन्नाले राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको कार्यकारिणी समितिको सदस्यलाई बुझाउने छ।

५.२१. “संरक्षक परिषद” भन्नाले राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको प्रमुख संरक्षक र संरक्षकहरु रहेको परिषदलाई बुझाउने छ।

५.२२ . “सल्लाहकार” भन्नाले राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाले चयन गरेको सल्लाहकारलाई बुझाउने छ।

५.२३. “क्षेत्रिय समिति” भन्नाले राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाले बिभिन्न प्रान्त या क्षेत्रहरुमा आफ्नो मातहतमा रहने गरी गठन गरेका सांगठनिक संरचना भन्ने बुझाउनेछ र क्षेत्रिय समितिका मातहतमा स्थानिय या इलाका समितिहरु गठन भइ कृयाशिल हुनसक्नेछन।

५.२४. “मानार्थ सदस्य” भन्नाले गैर आवासीय नेपाली संघ, अन्तराष्ट्रिय समन्वय परिषदले राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको सिफारिसमा चयन गरिएका संघको मानार्थ सदस्यलाई बुझाउनेछ।

५.२५. “सम्बद्ध सदस्य” भन्नाले गैर आवासीय नेपाली संघ, अन्तराष्ट्रिय समन्वय परिषदले राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको सिफारिसमा चयन गरिएका संघको सम्बद्ध सदस्यलाई बुझाउनेछ।

५.२६. “साधारण सदस्य” भन्नाले दुई वर्षभन्दाबढि - दक्षिण कोरियामा अध्ययन पेशा व्यावसाय गरी बसोवास गरिरहेका नेपाली नागरिक वा नेपाली मुलका विदेशी नागरिकहरुलाई बुझाउनेछ।

५.२७. “पञ्जिकृत सदस्य” भन्नाले साधारण सदस्यले गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाले तोके बमोजिमको सदस्यता शुल्क बुझाई रितपुर्वक राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाले सदस्यता प्रदान गरेको सदस्यलाई बुझाउनेछ।

५.२८. “प्रारम्भिक सदस्य” भन्नाले दुई वर्षभन्दा कम दक्षिण कोरियामा बसोवास गरिरहेका नेपाली नागरिक वा नेपाली मुलका विदेशी नागरिकहरुलाई बुझाउनेछ।

५.२९. “दर्ता शुल्क” भन्नाले गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद, दक्षिण कोरियाले राष्ट्रिय महाधिवेशन वा अधिवेशन वा विभिन्न गोष्ठी तथा तालिमरुमा सहभागिताका लागि तोकेको शुल्कलाई बुझाउनेछ।

५.३०. “मासिक शुल्क” भन्नाले राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाले परिषदका पदाधिकारी सदस्यहरु वा पञ्जिकृत सदस्यहरुका लागि तोकिएको नियमित माशिक शुल्कलाई बुझाउनेछ।

५.३१. “युवा” भन्नाले राष्ट्रिय महाधिवेशन सुरु भएको दिनसम्म ४० वर्ष उमेर नकाटेको व्यक्तिलाई बुझाउने छ।

५.३२. “छाप” भन्नाले राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको छापलाई बुझाउने छ।

५.३३. “लेटर हेड” भन्नाले राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको लेटर हेडलाई बुझाउने छ।

५.३४. “एक वचन” शब्दले बहुवचनलाई समेत बुझाउने छ।

५.३५. “पुलिङ्ग” शब्दले स्त्रिलिंग शब्दलाई समेत बुझाउने छ।

५.३६. “व्यक्ति” शब्दले कानूनी वा प्राकृतिक दुवैलाइ बुझाउने छ।

५.३७. “एक कार्यकाल” भन्नाले राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको क्रमिक दुई महाधिवेशन विचको अवधिलाई जनाउनेछ भने व्यक्तिको हकमा परिषद्को कुनै पदमा कम्तिमा एक वर्ष काम गरेको अवधिलाई जनाउनेछ ।

५.३८. “कार्यकारी समिति” भन्नाले राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियालाई जनाउनेछ।

५.३९. “कार्यदल” भन्नाले , अन्तराष्ट्रिय समन्वय परिषदले गठन गरेको कार्यदललाई जनाउनेछ।

## परिच्छेद ३

### ६. उदेश्यहरु

६.१. गैर आवासीय नेपाली संघको बृहत्तर दायरा भित्र रही दक्षिण कोरियामा वस्ने नेपालीहरुलाई एकजुट गराउने, नेपाल भित्र र बाहिर उनीहरूको उद्देश्यलाई प्रवर्द्धन गर्ने र उनीहरुलाई नेपालको हितमा योगदान गर्न परिचालन गर्ने संघको मुख्य उद्देश्य बमोजिम क्रियाशिल रहनु नै गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको उद्देश्य रहनेछ । यी उद्देश्यहरु प्राप्त गर्नका लागि गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाले देहाय बमोजिमका कार्यहरु गर्नेछ।

६.१.१. दक्षिण कोरियामा बस्ने नेपालीहरुको हितलाई संरक्षण गर्ने एवं भैपरि आएको समस्याहरुको समाधानमा सहयोग गर्ने र बिभिन्न सामाजिक काम गर्नको लागि दक्षिण कोरियाको प्रचलित कानुन बमोजिम सरकारी निकायमा गैर सरकारी संथाको रुपमा दर्ता

गर्ने ६.१.१ अनुसार दर्ता गरिने एन.जि.ओ. मा कोरियाको प्रचलित कानुन अनुसार कम्तिमा ३० जनासम्मको व्यवस्थापन समिती (इसाहवी) गठन गर्ने।

६.२. दक्षिण कोरियामा रहेका गैर आवासीय नेपालीको पूंजी, क्षमता र दक्ष मानव संसाधनलाई नेपालको चौतर्फि विकासमा लगानी गर्न नेपाल सरकार र नेपाली उद्यमीहरुसंग साझेदारी स्थापना गर्ने र त्यसको विकास गर्ने।

६.३. दक्षिण कोरियामा नेपाली संस्कृति र पर्यटनको प्रवर्द्धन गर्ने।

६.४. दक्षिण कोरियाका विभिन्न लगानीकर्ता (व्यक्ति वा संस्था)हरुलाई नेपालमा लगानी गराउन आकर्षण गर्नका लागि उत्प्रेरकको रुपमा कार्य गर्ने।

६.५. दक्षिण कोरियामा रहेका अन्य नेपाली तथा कोरियन सामाजिक संघ संस्थाहरुसंग कार्यगत एकताको पहल कदमको प्रयास गर्ने।

६.६. गैरआवासीय नेपालीहरु बसोबास गरी रहेका मुलुकहरुमा उनीहरुको स्थायित्व, सुरक्षित वैदेशिक रोजगार समग्र हितका लागि क्रियाशिल रहने।

## परिच्छेद – ४

### ७. सदस्यता

बिधान बमोजिम गैर आवासीय नेपालीको हैसियत कायम रहेसम्म गैर आवासीय नेपाली संघको सदस्यता कायम रहनेगरि संघको विधानको अनुसुचि ४ बमोजिमको सदस्यताको डिजिटल परिचय पत्र संघको विधानको धारा बमोजिम प्रदान गरिनेछ। संघका सदस्यता देहाय बमोजिम हुनेछन्।

७.१. साधारण सदस्य

दुई वर्ष भन्दा बढि दक्षिण कोरियामा बसोवास गर्ने नेपाली नागरिक वा नेपाली मुलका कोरियन नागरिक यस संघका साधारण सदस्य हुनेछन्।

७.२. पञ्जिकृत सदस्य

गैर आवासीय नेपाली संघको विधानको धारा ७ बमोजिम राष्ट्रिय समन्वय परिषद दक्षिण कोरियालाई देहाय बमोजिमको सदस्यता शुल्क तिरी सदस्यता प्राप्त गर्ने व्यक्तिहरु संघको पञ्जिकृत सदस्य हुनेछन्। पञ्जिकृत सदस्यले राष्ट्रिय महाधिवेशन, वा अन्तराष्ट्रिय महाधिवेशनमा भाग लिन वा मतदान गर्न वा राष्ट्रिय समन्वय परिषद पदहरुलागि उम्मेदवारी दिन योग्य मानिनेछ।

७.३. प्रारम्भिक सदस्य

दुई वर्ष भन्दा कम दक्षिण कोरियामा बसोबास गरेका नेपाली नागरिक वा नेपाली मूलका विदेशी नागरिक संघका प्रारम्भिक सदस्य हुनेछन्। यस्ता सदस्यहरुले संघको विश्व सम्मेलन, राष्ट्रिय महाधिवेशन र संघको सबै क्रियाकलापहरुमा भाग लिन पाउनेछन्। तर यस्ता सदस्यहरुलाई राष्ट्रिय

समन्वय परिषद् वा अन्तराष्ट्रिय समन्वय परिषदको कुनै निर्वाचित हुने पदको लागि उम्मेदवार हुन र मतदान गर्न पाउने अधिकार हुने छैन।

७.४. सम्बद्ध सदस्य

नेपाललाई सहयोग र प्रवर्द्धन गर्न चाहने गैर नेपाली मूलको व्यक्ति वा संस्था संघको सम्वद्ध सदस्य हुनेछ। यस्ता सदस्यहरुले संघको विश्व सम्मेलन, साधारण सभा र संघको सबै क्रियाकलापहरुमा भाग लिन पाउनेछन्। तर यस्तो सदस्यहरुलाई राष्ट्रिय समन्वय परिषद् वा अन्तराष्ट्रिय समन्वय परिषदको कुनै निर्वाचित हुने पदको लागि उम्मेदवार हुन र मतदान गर्न पाउने अधिकार हुने छैन।

७.५. मानार्थ सदस्य

दक्षिण कोरियामा रहेका गैर आवासीय नेपालीको हकहित संरक्षणमा तथा नेपालको विकासमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरुलाई मानार्थ सदस्यताकालागि राष्ट्रिय समन्वय परिषद कोरियाको सिफरिसमा अन्तराष्ट्रिय समन्वय परिषदले मानार्थ सदस्य प्रदान गर्नेछ। यस्ता सदस्यहरुलाई संघको कुनै पनि निर्वाचनमा मतदान गर्ने र उम्मेदवार हुने अधिकार भने हुने छैन।

७.६. जुनियर सदस्य

दक्षिण कोरियामा रहेका दोश्रो पुस्ताका गैर आवासीय नेपालीहरुलाई गैर आवासीय अभियानमा प्रनत अविछिन्न लगाव र आकर्षण कायम गर्न १८ वर्ष उमेर पुरा नभएका गैर आवासीय नेपालीका सन्ततिलाईं "जुनियर सदस्यता" प्रदान गरिनेछ। जुनियर सदस्यहरुले संघको सवै प्रकारका कृयाकलापमा पर्यवेक्षकको रुपमा भाग लिन पाउनेछन। युवा तथा बिधार्थी संयोजक मार्फत जुनियर सदस्यहरुको कृयाकलाप आयोजना गरिनेछ।

## ८. पञ्जिकृत सदस्यताको लागि योग्यता

८.१. माथिको दफा ७ मा उल्लेख भएका जुनियर सदस्य बाहेक अन्य सदस्य बन्नको लागि १८ वर्ष उमेर पुरा भएको हुनु पर्ने छ। यस विधानको दफा ५ को उपदफा ५.१ को परिभाषा बमोजिम गैर आवासीय नेपाली हुने योग्यता पुरा गरेको हुनु पर्नेछ।

## ९. पञ्जिकृत सदस्यता शुल्क र सदस्यको विवरण

९.१. गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाले गैर आवासीय नेपाली संघको विधानको धारा ९.२ बमोजिम अन्तराष्ट्रिय समन्वय परिषदले तोकेबमोजिमको सदस्यता शुल्क लिई रितपुर्वक पञ्जिकृत सदस्यता जारी गर्नेछ।

९.२. पञ्जिकृत सदस्यता शुल्क राष्ट्रिय समन्वय परिषदको कोषमा रहनेछ। राष्ट्रिय समन्वय परिषदले सदस्यहरुको विवरण र तोकेको पंजिकृत सदस्यता शुल्क अन्तराष्ट्रिय समन्वय परिषद्लाइ पठाउने छ।

९.३. राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाले आवश्यक ठानेमा अतिरिक्त शुल्क तोक्न सक्नेछ। यसरी तोकिएको अतिरित्त शुल्क राष्ट्रिय समन्वय परिषद कोरियाको कोषमा रहनेछ।

## १०. सदस्यहरुको अधिकार र उत्तरदायित्वहरु एवं सदस्यताको समाप्ति

१०.१. प्रत्येक सदस्यहरुको अधिकार र उत्तरदायित्व व्यत्तिगत हुनेछ र अन्य व्यक्तिमा हस्तान्तरण योग्य हुनेछैन।

१०.२. गैर आवासीय नेपाली संघको विधान र राष्ट्रिय समन्वय परिषद- दक्षिण कोरियाका अन्य निर्णयहरुको पालना गर्नु र संघको उद्देश्यहरु प्राप्तिका लागि आफ्नो अधिकतम सामर्थ्यको प्रयोग गर्नु हरेक सदस्यहरुको उत्तरदायित्व हुनेछ।

१०.३. पञ्जिकृत सदस्यहरुलाई राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको राष्ट्रिय महाधिवेशन र अन्तराष्ट्रिय महाधिवेशनमा भाग लिन पाउने तथा राष्ट्रिय समन्वय परिषद- दक्षिण कोरियाका निर्वाचित हुने पदमा उम्मेदवार हुन वा मतदान गर्ने हक हुनेछ।

१०.४. सम्बद्ध सदस्यहरुलाई राष्ट्रिय महाधिवेशन, विश्व सम्मेलन र अन्तराष्ट्रिय महाधिवेशनमा भाग लिने हक हुनेछ। तर उनीहरुलाई संघको कुनै पनि पदको निर्वाचनको लागि उम्मेदवार खडा हुन एवं निर्वाचनमा मतदान गर्ने हक हुनेछैन।

१०.५. कुनै पनि सदस्यले लिखित रुपमा राष्ट्रिय समन्वय परिषद -दक्षिण कोरियालाई संघको सदस्यता परित्याग गर्नको लागि निवेदन गर्न सक्नेछन्। राष्ट्रिय समन्वय परिषद -दक्षिण कोरियाबाट निवेदन स्वीकृत भएमा राष्ट्रिय समन्वय परिषद कोरियाले तोकेको मितिबाट नीजको संघको सदस्यता अन्त्य हुनेछ।

१०.६. २ वर्षमा भन्दा बढि स्वदेश (नेपाल) बसेमा वा दक्षिण कोरिया छोडी पुर्णरुपमा अर्को देशमा गएमा निजको सदस्यता दक्षिण कोरियामा मान्यता हुनेछैन।

# परिच्छेद ५

## ११. बार्षिक साधारण सभा र राष्ट्रिय महाधिवेशन

११.१. बार्षिक साधारण सभाः

बार्षिक साधारण सभा कम्तीमा बर्षको एकचोटी हुनेछ र बार्षिक साधारणसभा बार्षिक कृयाकलापको मुल्याङकन तथा अनुगमनको लागि हुनेछ । बार्षिक साधारण सभाको कार्यहरु देहाय बमोजिम हुनेछन्।

११.१.१ राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको कार्यकारी समितिबाट सञ्चालित क्रियाकलापहरुलाई मूल्यांकन गर्ने र राष्ट्रिय समन्वय परिषदलाई निर्देशन दिने।

११.१.२. संघको उद्देश्य प्राप्तिको लागि राष्ट्रिय स्तरमा आवश्यक नीतिहरु तय गर्ने।

११.१.३. गैरअवासीय नेपाली संघको नीति तथा कार्यक्रमहरुलाई राष्ट्रिय स्तरमा निर्माण, विकास र कार्यान्वयनका लागि तर्जुमा गर्ने।

११.२. राष्ट्रिय महाधिवेशन

प्रत्येक २ वर्षमा एक पटक राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको राष्ट्रिय महाधिवेशन गैर आवासीय नेपाली संघको अन्तराष्ट्रिय महाधिवेशन सम्पन्न हुने मिति बढिमा ६ महिना बांकी रहने गरि सम्पन्न गर्नु पर्नेछ। सोही राष्ट्रिय महाधिवेशनलेनै अन्तराष्ट्रिय समन्वय परिषदका लागि दक्षिण कोरियाको प्रतिनिधित्व गर्ने सदस्य/हरुको निर्वाचन गर्नेछ।

११.२.१. राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको कार्यकारी समितिको निर्वाचन गर्ने।

११.२.२. गैर आवासीय नेपाली संघको अन्तराष्ट्रिय समन्वय परिषदमा दक्षिण कोरियाको प्रतिनिधि चयन गर्ने।

११.२.३. आवश्यकतानुसार राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको विधान संशोधन गर्ने।

११.२.४. राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरिया अन्तर्गतका विभिन्न विभागहरु, समितिहरुका प्रतिवेदनहरुलाई अनुमोदन गर्ने।

११.२.५. राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाका महासचिवको सांगठानिक प्रतिवेदन तथा कोषाध्यक्षको आर्थिक प्रतिवेदन अनुमोदन गर्ने।

११.२.६. राष्ट्रिय महाधिवेशनमा राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाले पञ्जिकृत सदस्यता प्रदान गरेका पञ्जिकृत सदस्यहरु, गैर आवासीय नेपाली संघ, अन्तराष्ट्रिय समन्वय परिषदका पदाधिकारी सदस्यहरु बन्न सहभागी हुन पाउने छन्। अन्तराष्ट्रिय समन्वय परिषदमा प्रतिनिधिको रुपमा सहभागिताका लागी,अन्तराष्ट्रिय समन्वय परिषदले अनुसुची - ६ मा तोके बमोजिमका सदस्यहरुमात्र सहभागी हुन पाउने छन् । यदि देहाय बमोजिम भन्दा बढि भएमा, सहभागिताको आधारमा क्रमानुसार सहभागिहरु छानिने छन्। साथै राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाले तोके बमोजिमका पर्यवेक्षक तथा कोरियामा रहेका मानार्थ तथा सम्बद्ध सदस्यहरुले समेत भाग लिन पाउने छन् ।

## १२. राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको विशेष अधिवेशन

राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको राष्ट्रिय समन्वय परिषद कार्यसमितिका दुई तिहाइ बहुमत सदस्यहरुले विशेष राष्ट्रिय महाधिवेशन बोलाउन आवश्यक भएको ठानेमा अथवा कुल पञ्जीकृत सदस्यहरुको २५ प्रतिशतले विशेष महाधिवेशन बोलाउन आवश्यक भएको ठानेमा अन्तर्राष्ट्रिय समन्वय परिषदलाई लिखित सुचना प्रदान गरी विशेष महाधिवेशन बोलाउन सक्नेछन् । विशेष महाधिवेशन माग गरिएको ३ महिनाभित्र विशेष महाधिवेशन बस्नु पर्नेछ। विशेष महाधिवेशनको अध्यक्षता राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाका अध्यक्षले गर्नेछन्। अध्यक्षको अनुपस्थितिमा बरिष्ठ उपाध्यक्षले र बरिष्ठ उपाध्यक्षको अनुपस्थितिमा राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको निर्णय अनुसार चार (४) उपाध्यक्ष मध्ये राष्ट्रिय समन्वय परिषदले तोकेका एक जनाले विशेष महाधिवेशनको अध्यक्षता गर्नेछ। विशेष महाधिवेशनमा धारा ७.२ बमोजिमका प्रतिनिधिहरुलाई मात्र भाग लिने अधिकार हुनेछ। विशेष राष्ट्रिय महाधिवेशनले महाधिवेशनको माग गर्दा दिइएको निवेदनमा औलाइएका विषयहरु उपर मात्रै छलफल तथा निर्णय गर्नेछ।

## परिच्छेद ६

### १३. राष्ट्रिय समन्वय परिषद गठन

१३.१. यो विधानको वृहत संरचना भित्र रहेर दक्षिण कोरियाको स्थानिय कानून बमोजिम राष्ट्रिय समन्वय परिषदको दर्ता गरिनेछ।

१३.२. राष्ट्रिय महाधिवेशनबाट पारित नीति र कार्यक्रमहरुलाई कार्यान्वयन गर्नको लागि परिषदको राष्ट्रिय समन्वय परिषद नामक एक कार्यकारी समिति हुनेछ।

१३.३. राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको कार्यसमिति देहाय बमोजिमको २३ सदस्यीय कार्यकारी समिति (पदेन सदस्य वाहेक) गठन हुनेछ।

| | |
|---|---|
| अध्यक्ष | **१** |
| बरिष्ठ उपाध्यक्ष | **१** |
| उपाध्यक्ष | **३** |
| महिला उपाध्यक्ष | **१** |
| महासचिव | **१** |
| सचिव | **२** |
| कोषाध्यक्ष | **१** |
| सह-कोषाध्यक्ष | **१** |
| यूवा तथा बिधार्थी संयोजक | **१** |
| महिला संयोजक | **१** |

| | |
|---|---|
| सदस्यहरु | **७** |
| मनोनित सदस्य | **३** |
| पदेन सदस्य | क्षेत्रिय समितिको शंख्या अनुसार |

१३.४. मनोनित सदस्यहरु मध्यबाट १ जना प्रवक्ताको व्यवस्था गर्ने।

१३.५. राष्ट्रिय समन्वय परिषदका कार्यकारी समितिको पदावधि २ वर्षको हुनेछ।

**१३.६. सल्लाहकार**

राष्ट्रिय समन्वय समितिले कोरियाको नेपाली समुदायमा विशिस्ट पहिचान बनाएका लब्ध प्रतिष्ठित व्यक्तिवहरु मध्यबाट आवश्यकतानुसार सल्लाहकार नियुक्त गर्नसक्नेछ। सल्लाहकारहरुले कार्यसमितीको बैठकमा भाग लिन पाउने, संघको हितकार कामको लागि राय सल्लाह दिने तर निर्णायक मत दिन भने पाउने छैनन्। सल्लाहकारमा नियुक्त गर्न देहाय बमोजिमको योग्यतालाई प्राथमिकता दिईने छ।

१३.६.१. गैर आवासिय नेपाली संघ राष्ट्रिय तथा अन्तरराष्ट्रिय कार्यसमितिमा तथा बिभिन्न कार्यदलमा रही योगदान गरेको व्यक्ति हुनुपर्ने छ।

१३.६.२. कुनै पनि बिषयमा विज्ञता हासिल गरेको बुद्दिजिवी दक्ष व्यक्ति हुनुपर्ने छ।

१३.६.३. कुनै पनि फौजदारी अभियोग कसुरदार नभएको स्वच्छ छवि भएको व्यक्ति हुनुपर्ने छ।

१३.६.४. संस्थामा आर्थिक बेरुजु बक्यौता बाँकी नभ्एको आर्थिक रुपमा पारदर्शी व्यक्ति हुनुपर्ने छ।

**१३.७. संरक्षक परिषद**

एक पटक राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको अध्यक्ष अथवा अन्तराष्ट्रिय समन्वय परिषदका लागि देशको प्रतिनिधित्व भैसकेको ब्यक्तिहरुलाई राष्ट्रिय समन्वय परिषदको ५१ प्रतिशत सदस्यको बहुमतको आधारमा एक जना प्रमुख संरक्षक सहित अधिकतम ४ (चार) जना संरक्षकहरु मनोनयन गर्न सक्नेछ, उल्लेखित योग्यता पुग्ने व्यक्तिहरुको अभावमा विकल्पको रुपमा राष्ट्रिय समन्वय परिषद कोरियामा कम्तिमा १ कार्यकाल पुरा गरि एन.आर.एन. को लागि उल्लेखनिय योगदान दिएका व्यक्तिहरुबाट मनोनित गर्न सकिनेछ।

**१३.८. संरक्षक परिषदको काम, कर्तव्य र अधिकार**

१३.८.१. राष्ट्रिय समन्वय परिषदको बैठकमा उपस्थित भई आफ्नो राय राख्ने तर मत हाल्ने अधिकार हुनेछैन।

१३.८.२. राष्ट्रिय समन्वय परिषदलाई संरक्षण गर्ने।

१३.८.३. राष्ट्रिय समन्वय परिषदमा ५० प्रतिशत सदस्यहरुको सिफरिसमा संगठनको लेखा परिक्षण गराउन सक्ने।

१३.८.४. अध्यक्षले राजिनामा दिएमा अन्तराष्ट्रिय समन्वय परिषदका दक्षिण कोरिया प्रतिनिधि मार्फत परिषदको सिफरिस तथा स्वीकृत प्राप्त गरी अर्को ब्यवस्था नहुन्जेलको लागी समितिले संरक्षक समितिको उपस्थितिमा बरिष्ठ उपाध्यक्षलाई कार्यवाहक अध्यक्ष नियुक्त गर्ने।

१३.८.५. पंजीकृत सदस्यहरुको २५ प्रतिशतले लिखित रुपमा साधारण सभाको माग गरेमा साधारण सभा बोलाउन अन्तराष्ट्रिय समन्वय परिषदका दक्षिण कोरिया प्रतिनिधी मार्फत अन्तराष्ट्रिय समन्वय परिषदको सिफारिसमा राष्ट्रिय समन्वय परिषदलाई निर्देशन दिने।

## १४. राष्ट्रिय कार्यकारी सचिवालय

१४.१ राष्ट्रिय समन्वय परिषदका कामहरुलाई छिटो छरिटो गरि सम्पन्न गर्न संघको एक राष्ट्रिय कार्यकारी सचिवालय हुनेछ।

१४.२ राष्ट्रिय कार्यकारी सचिवालयमा अध्यक्ष, बरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरु, महासचिव, सचिवहरु, कोषाध्यक्ष, युवा तथा बिधार्थी संयोजक , महिला संयोजक र प्रवक्ता रहनेछन्।

१४.३ तत्काल राष्ट्रिय समन्वय परिषदको पूर्ण बैठक वस्न सम्भव नभएको तर कुनै निर्णय गर्न आवश्यक परेको अवस्थामा राष्ट्रिय कार्यकारी सचिवालयले राष्ट्रिय महाधिवेशनबाट प्राप्त म्याण्डेट बमोजिम निर्णयहरु गर्न र सोको कार्यान्वयन गर्न सक्नेछ। राष्ट्रिय कार्यकारी सचिवालयका निर्णयहरु राष्ट्रिय समन्वय परिषदका निर्णयहरु सरह हुनेछन् तर त्यस्ता निर्णयहरु आशन्न राष्ट्रिय समन्वय परिषदको पूर्ण बैठकमा अनुमोदन अनिवार्यरुपमा गराउनु पर्नेछ। राष्ट्रिय समन्वय परिषदको पूर्ण बैठकमा अनुमोदन हुन् नसकेको विषयको हकमा भने राष्ट्रिय समन्वय परिषदको पूर्ण बैठकको निर्णय बमोजिम हुनेछ।

## १५. पेशागत तथा प्राज्ञिक इकाई ( Professional and Academic Unit)

दक्षिण कोरियामा रहनु भएका पेशागत गैरआवासीय नेपालीहरु (डाक्टर, नर्स, इन्जिनियरस, बैज्ञानिक, प्राज्ञ, सोधकर्ता आदि) समेटी एक पेशागत तथा प्राज्ञिक इकाई गठन गरिनेछ। यस परिषदको मुख्य उदेश्य उनीहरुले सिकेको ज्ञान, सिप, प्रविधि,र विज्ञतालाई नेपाल र गैर आवासीय नेपालीको हक हितका लागि उपयोग गर्ने रहनेछ। पेशागत तथा प्राज्ञिक इकाई राष्ट्रिय समन्वय परिषद अन्तरगत रही काम गर्ने छ।

## १६. राष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरु र कार्यकारी सदस्यहरुको काम, कर्तव्य र

**अधिकारहरु**

१६.१. अध्यक्षको काम, कर्तव्य र अधिकार

१६.१.१. राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको प्रमुखका हैसियतले कार्य गर्ने।

१६.१.२. राष्ट्रिय समन्वय परिषदका नियमित वैठकहरुको, राष्ट्रिय महाधिवेशनको खुलासत्रको अध्यक्षता गर्ने।

१६.१.३. राष्ट्रिय समन्वय परिषदले अन्यथा व्यवस्था गरेकोमा बाहेक विभिन्न विभाग तथा समितिका सदस्यहरुको नियुक्ति गर्ने।

१६.१.४. कुनै विषयमा मत बराबर भएमा आफ्नो निर्णायक मत प्रयोग गर्ने।

१६.१.५. राष्ट्रिय समन्वय परिषदका पदाधिकारी सदस्यहरुलाई जिम्मेवारी तोक्ने।

१६.१.६. विभिन्न विभागहरु, समितिहरुको प्रमूखहरु, क्षेत्रीय अध्यक्षहरु मार्फत सम्बन्धित क्षेत्रको आवधिक कार्य विवरण तथा समसामयिक गतिविधिको जानकारी लिने र आवश्यक नीति निर्देशन गर्ने।

१६.१.७. अन्तराष्ट्रिय समन्वय परिषद सदस्य समक्ष राष्ट्रिय समन्वय परिषद – दक्षिण कोरियाका गतिविधिहरु पेश गर्न महासचिवलाई निर्देशन दिने।

१६.१.८. राष्ट्रिय समन्वय परिषदले तोकेको अन्य काम कर्तव्य पूरा गर्ने।

१६.१.९. वैठक बोलाउन महासचिवलाई निर्देशन दिने।

१६.१.१०. राष्ट्रिय समन्वय परिषदको स्वीकृतिमा मनोनित कार्यसमिति सदस्यहरुको मनोनयन गर्ने।

१६.२. बरिष्ठ उपाध्यक्षको काम, कर्तव्य र अधिकार

१६.२.१ राष्ट्रिय समन्वय परिषदको नेतृत्वका लागि आवश्यकता अनुसार अध्यक्षलाई सहयोग गर्ने।

१६.२.२ अध्यक्षको अनुपस्थितिमा अध्यक्षले वा अन्तराष्ट्रिय समन्वय परिषदले तोके बमोजिमका कार्यहरु गर्ने।

१६.२.३ तोकिएका अन्य कार्यहरु गर्ने।

१६.३. उपाध्यक्षको काम, कर्तव्य र अधिकार

१६.३.१. राष्ट्रिय समन्वय परिषदको नेतृत्वका लागि आवश्यकता अनुसार अध्यक्ष वा बरिष्ठ उपाध्यक्षलाइ सहयोग गर्ने।

१६.३.२. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले वा अन्तराष्ट्रिय समन्वय परिषदले तोकेबमोजिमका कार्यहरु गर्ने।

१६.३.३. तोकिएका अन्य कार्यहरु गर्ने।

१६.४. महासचिवको काम, कर्तव्य र अधिकार

१६.४.१. राष्ट्रिय समन्वय परिषदको सम्पूर्ण क्रियाकलापहरुलाई समन्वय गर्ने।

१६.४.२. राष्ट्रिय महाधिवेशन वा राष्ट्रिय समन्वय परिषदका वैठकहरुको सन्चालन गर्ने र वैठकका निर्णयहरु माइन्यूट गर्ने।

१६.४.३. राष्ट्रिय समन्वय परिषदका गतिविधिहरुको अभिलेख राख्ने र क्षेत्रीय सचिवहरुबाट रिपोर्ट लिने, पत्रचार गर्ने।

१६.४.४. सांगठानिक प्रगति प्रतिवेदन राष्ट्रिय महाधिवेशनमा पेश गर्ने वा आवश्यकता अनुसार तयार गर्ने।

१६.४.५. अध्यक्षको निर्देशन बमोजिम वैठक बोलाउने तथा वैठकका एजेण्डाहरु तय गर्ने

१६.४.६. राष्ट्रिय समन्वय परिषदले तोकेका अन्य कार्यहरु गर्ने।

१६.५. सचिवको काम, कर्तव्य र अधिकार

१६.५.१. आवश्यकताअनुसार महासचिवलाई सहयोग गर्ने।

१६.५.२. महासचिवको अनुपस्थितिमा निजले तोके बमोजिमका कार्यहरु गर्ने।

१६.५.३. तोकिएका अन्य कार्यहरु गर्ने।

१६.६. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

१६.६.१. राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको कोष प्राप्त गर्ने र जिम्मा लिने।

१६.६.२. राष्ट्रिय समन्वय परिषद्ले संकलन गरेको पञ्जिकृत सदस्यता शुल्क अन्तराष्ट्रिय समन्वय परिषदमा संघको विधानमा तोकिएको मिति बमोजिम पठाउने।

१६.६.३. राष्ट्रिय समन्वय परिषद – दक्षिण कोरियाको कोष अभिबृद्धिका लागि विभिन्न उपायहरुको प्रस्ताव गर्ने।

१६.६.४. राष्ट्रिय महाधिवेशन र राष्ट्रिय समन्वय परिषद्ले तय गरेका विविध कार्यक्रमहरुका लागि आवश्यक रकम तथा परियोजनका लागि श्रोत साधनको परिचालन सम्बन्धि विवरण तयार गरि प्रस्ताव गर्ने।

१६.६.५.राष्ट्रिय महाधिवेशनमा वा राष्ट्रिय समन्वय परिषदका वैठकहरुमा राष्ट्रिय समन्वय परिषदले पारित गरेका कार्यक्रमहरुको आधारमा अनुमानित बजेट तयार गरि प्रस्तुत गर्ने।

१६.६.६. राष्ट्रिय समन्वय परिषदको कोष व्यवस्थापन र अभिलेखीकरणमा अन्तराष्ट्रिय समन्वय परिषदसंग एक रुपता कायम गर्न आवश्यक सहयोग लिने र कोषलाई बार्षिक रुपमा सार्वजनिक  गर्ने।

१६.६.७. अर्ध वार्षिक आर्थिक विवरण सम्पूर्ण राष्ट्रिय समन्वय परिषदका पदाधिकारी सदस्यहरुलाई तथा अन्तराष्ट्रिय समन्वय परिषद सदस्य मार्फत अन्तराष्ट्रिय समन्वय परिषदमा पठाउने।

१६.६.८. राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गरिने कोषाध्यक्षको आर्थिक प्रतिवेदन राष्ट्रिय महाधिवेशन सम्पन्न हुन एक महिना अगावै राष्ट्रिय समन्वय परिषद सदस्यहरुलाई पठाउने।

१६.६.९. राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गर्ने आर्थिक प्रतिवेदन कार्यकारिणी समितिबाट अनुमोदन गराउने।

१६.६.१०. विधानमा तोकिएका अन्य कार्यहरु गर्ने।

१६.७. सह-कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

१६.७.१. कोषाध्यक्षलाई सहयोग गर्ने।

१६.७.२. कोषाध्यक्षको अनुपस्थितिमा निजले तोके बमोजिमका कार्यहरु गर्ने।

१६.८. युवा तथा बिधार्थी संयोजकको काम, कर्तव्य र अधिकार

१६. ८.१. दक्षिण कोरिया भित्र रहेका गैरआवासीय नेपाली युवा तथा बिधार्थीहरुलाई संयोजन गर्दै नेपाल र नेपालीको हितका लागि युवाहरुको सामुहिक प्रयत्नलाई व्यवस्थित र प्रभावकारी पार्न सञ्जाल विस्तार गर्ने कामको संयोजन गर्ने।

१६. ८.२. युवा तथा बिधार्थीहरु संग सम्बन्धित विभिन्न कार्यक्रमहरु तय गर्ने । नयां पूस्ताका गैरआवासीय नेपाली खास गरि १८ वर्ष मुनकि गैरआवासीय नेपालीहरुलाई लक्षित गरी नेपाल र नेपाली समुदाय प्रति अविछिन्न लगाव र आकर्षण कायम गर्न एक संजाल बनाई विभिन्न कार्यक्रमहरु संचालन गर्ने गंराउने।

१६. ८.३. राष्ट्रिय समन्वय परिषदका बैठकहरुमा भाग लिने, अन्तर्राष्ट्रिय समन्वय परिषद समक्ष युवा गतिविधिहरुको आवधिक विवरण प्रस्तुत गर्ने।

१६. ८.४. आवश्यकता अनुसार युवा संयोजकको अध्यक्षतामा आफ्नो मुलुकभित्र युवा तथा बिधार्थीहरुको संजाल स्थापना गर्ने।

१६. ८.५. राष्ट्रिय समन्वय परिषदले तोकेका अन्य कार्यहरु गर्ने।

१६. ८.६. राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने।

१६. ८.७. राष्ट्रिय समन्वय परिषदले लागु गरेका विनियम र आचासंहिताको पालना गर्ने।

१६.९. महिला संयोजकको काम, कर्तव्य र अधिकार

१६.९.१. दक्षिण कोरिया भित्र रहेका गैरआवासीय नेपाली महिलाहरुलाई संयोजन गर्दै नेपाल र नेपालीको हितका लागि उनीहरुको सामूहिक प्रयत्नलाई व्यवस्थित र प्रभावकारी पार्न सञ्जाल विस्तार गर्ने कामको संयोजन गर्ने।

१६.९.२. दक्षिण कोरिया भित्र महिलाहरुको सरोकारका विषय सम्बन्धि त्रियाकलापहरु संचालन गर्ने, बैठक तथा भेलाहरु संचालन गर्ने। महिलाहरुको स्वावलम्बन, सशक्तिकरण, तालिम, प्रशिक्षणको आयोजना गर्ने।

१६.९.३. राष्ट्रिय समन्वय परिषदका बैठकहरुमा भाग लिने, अन्तर्राष्ट्रिय समन्वय परिषद समक्ष महिला गतिविधि सम्बन्धित आवधिक विवरण प्रस्तुत गर्ने।

१६.९.४. महिला संयोजकको अध्यक्षतामा दक्षिण कोरिया भित्र महिलाहरुको संजाल स्थापना गर्ने।

१६.९.५. राष्ट्रिय समन्वय परिषदले तोकेका अन्य कार्यहरु गर्ने।

१६.९.६. राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने।

१६. १०. प्रवक्ताको काम, कर्तव्य र अधिकार

१६.१०.१. राष्ट्रिय समन्वय परिषदको कामकारवाहीका सम्बन्धमा संघको दृष्टिकोण सार्वजनिक गर्ने।

१६. १०.२. राष्ट्रिय समन्वय परिषद र सञ्चार माध्यम विच समन्वय गर्ने।

१६. १०.३. संघको गतिविधि बारे समय समयमा विभिन्न माध्यमबाट सूचना प्रवाह गर्ने।

१६. १०.४. संघको अध्यक्ष वा राष्ट्रिय कार्यकारी सचिवालयले वा राष्ट्रिय समन्वय परिषदले तोकेका अन्य कार्यहरु गर्ने।

१६. १०.५. राष्ट्रिय समन्वय परिषदले लागु गरेका विनियम र आचारसंहिताको पालना गर्ने।

१६.११. निर्वाचित तथा मनोनित सदस्यको काम, कर्तव्य र अधिकार

१६.११.१. राष्ट्रिय समन्वय परिषद सदस्यले राष्ट्रिय समन्वय परिषदबाट सञ्चालित विविध कार्यक्रमहरु एवं दिइएका निर्देशनहरुको पालना र कार्यान्वयनका लागि क्रियाशिल रहने।

१६.११.२. राष्ट्रिय समन्वय परिषद निर्देशन बमोजिमका कार्यहरु गर्ने।

१६.११.३. दक्षिण कोरियामा सम्पन्न गर्न सकिने विविध कार्यक्रमहरु, परियोजनाहरु तयार गरि वैठकमा महासचिव मार्फत छलफलका लागि पेश गर्ने।

१६.११.४. राष्ट्रिय समन्वय परिषदको बैठकमा भाग लिने।

१६.११.५. अन्तराष्ट्रिय समन्वय परिषदले आयोजना गर्ने विबिध गतिविधिहरु सफल पार्न क्रियाशिल रहने।

१६.११.६. अन्तराष्ट्रिय समन्वय परिषद तथा राष्ट्रिय समन्वय परिषदबाट पारित निर्णयहरु कार्यान्वयन गर्ने।

१६.११.७. तोकिएका अन्य कामहरु गर्ने।

१६.१२. पदेन सदस्यको काम, कर्तव्य र अधिकार

१६.१२.१. क्षेत्रहरुमा सम्पन्न गर्न सकिने विविध कार्यक्रमहरु, परियोजनाहरु तयार गरि वैठकमा महासचिव मार्फत छलफलका लागि पेश गर्ने।

१६.१२.२. अन्तराष्ट्रिय समन्वय परिषद तथा राष्ट्रिय समन्वय परिषदले गरेका निर्णयहरु क्षेत्रमा कार्यन्वयन गर्ने गराउने।

१६.१२.३. राष्ट्रिय समन्वय परिषदको बैठकमा नियमित रुपमा उपस्थित भई आफ्नो राय,

सुझाब प्रस्तुत गर्ने तर पक्ष/ विपक्ष वा अन्य निर्णायक मत दिन नपाउने।

१६.१२.४. राष्ट्रिय समन्वय परिषदले आयोजना गर्ने विबिध गतिविधिहरु सफल पार्न क्रियाशिल रहने।

१६.१२.५. क्षेत्रमा भएका पंजीकृत सदस्यहरुको साथै अन्य कुराहरुको अभिलेख राख्ने र उक्त

अभिलेखहरु राष्ट्रिय समन्वय परिषदलाई आवश्यकतानुसार उपलब्ध एवम प्रस्तुत गर्ने।

१६.१२.६. तोकिएका अन्य कामहरु गर्ने।

## १७ राष्ट्रिय समन्वय परिषदको काम कर्तव्य र अधिकार

१७.१. राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाले संघको पञ्जिकृत सदस्यता जारी गर्नेछ।

१७.२. राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाले गैर आवासीय नेपाली संघको विधानको वृहत संरचना भित्र रही क्षेत्रीय वा शाखा समितिहरु गठन गर्ने, विघटन गर्ने र तिनीहरुलाई निर्देशन जारी गर्नेछ।

१७.३. राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाले संघको भावना विपरित कार्य गर्ने वा संघ वा राष्ट्रिय समन्वय परिषदको विधानको उल्लंघन गर्ने परिषदको कुनै पनि सदस्यलाई सदस्यताबाट निलम्बन वा निस्काशन गर्नेछ। यस प्रकार निस्काशन वा निलम्बन गरिएको व्यक्तिलाई उचित सुनवाइको अवसर दिइनेछ र राष्ट्रिय समन्वय परिषद कोरियाको निर्णय उपर निर्णय भएको मितिले ३० दिन भित्र सम्बन्धित सदस्यले अन्तराष्ट्रिय समन्वय परिषदमा उजुरी गर्न सक्ने छन् र अन्तराष्ट्रिय समन्वय परिषदको निर्णय अन्तिम हुनेछ।

१७.४. राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाले आफुले सञ्चालन गरेका सम्पूर्ण क्रियाकलापहरुको अर्धवार्षिक विवरण संघ सचिवालय  समक्ष पेश गर्नु पर्नेछ।

१७.५. राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाले राष्ट्रिय महाधिवेशन वा विभिन्न कार्यक्रमका लागि आवश्यकता अनुसार दर्ता शुल्क तोक्न सक्नेछ।

१७.६. राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाले पञ्जिकृत सदस्यता विवरण सदस्यता वितरण गरेको मितिले ३० दिन भित्र अन्तराष्ट्रिय परिषदलाई पठाउनु पर्नेछ। र संकलति सदस्यता शुल्क प्रत्येक ६ महिनामा एक मुष्ठ अन्तराष्ट्रिय परिषदलाई पठाउनु पर्नेछ।

१७.७. राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाले संघको अन्तराष्ट्रिय महाधिवेशन र विश्व सम्मेलनमा उपस्थित हुनका लागि दर्ता भएका पञ्जिकृत सदस्यहरुको अभिलेख कायम गर्ने र दर्ता विवरण संघको सचिवालयलाई पठाउनु पर्नेछ।

१७.८. राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाले आवश्यकतानुसार गैर आवासीय नेपाली संघको उदेश्य प्राप्तिका लागि राष्ट्रिय वा अन्तराष्ट्रिय स्तरका विविध कार्यक्रमहरु आयोजना गर्नेछ।

१७.९. दस्ताबेज प्रकाशन सम्बन्धि: राष्ट्रिय समन्वय परिषदका बार्षिक कार्यक्रम योजना तथा सम्पन्न कार्यक्रम, गतिबिधिहरुलाई दस्ताबेज गर्ने गरि परिषदको आधिकारिक बुलेटिन/ न्यूजलेटर वा प्रगति पुस्तिका वा स्मारिका कम्तिमा बर्षमा २ पल्ट प्रकाशित गर्नु पर्नेछ र ई-प्रतिलिपि परिषदका सबै सदस्यलाई आधिकारिक वेबसाईट, ईमेल र / वा सोसल नेटवर्किंग मिडिया मार्फत उपलब्ध गराउने।

## १८ राष्ट्रिय समन्वय परिषदको वैठक

१८.१. राष्ट्रिय समन्वय परिषदको वैठक कार्य समितिले तोके बमोजिम हुनेछ।

१८.२. वैठकमा अन्तराष्ट्रिय समन्वय परिषद सदस्यको सहभागिता रहनु पर्नेछ तर निर्णायक मतदान गर्नु परेमा मतदान गर्न पाउने छैन।

१८.३. कम्तिमा पनि प्रत्यक ३ महिनामा एकपल्ट अनिवार्यरुपमा वैठक बस्नु पर्नेछ।

## परिच्छेद ७

### १९. निर्वाचन कार्यविधि

१९.१. राष्ट्रिय समन्वय परिषदको कार्यकारिणी समितिको निर्वाचन प्रयोजनका लागि कार्यकारिणी समितिले एक संयोजक सहित आवश्यकता अनुसार सदस्यहरु रहने गरि निर्वाचन समितिको गठन गर्नेछ । उक्त समिति गठन प्रक्रियामा कार्यसमितिले संरक्षक परिषद र सल्लाहकारहरु संग परामर्श गर्न सक्नेछ ।

१९.२. निर्वाचन समितिको जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

१९.२.१. निर्वाचन प्रयोजनका लागि निर्वाचन समितिले मतदाता नामावली पकाशित गर्नेछ ।

१९.२.२. निर्वाचन समितिले निर्वाचन कार्यविधि प्रचलित विधानको अधिनमा रहेर तोक्नेछ ।

१९.२.३. निर्वाचन समितिले निर्वाचित पदाधिकारी र सदस्यहरुलाई प्रमाण पत्र प्रदान गर्नेछ ।

१९.२.४. निर्वाचन समितिले निर्वाचन एक व्यक्ति एक मतको सिद्दान्त बमोजिम सम्पन्न गराउने छ ।

१९.२.५. नयां निर्वाचित कार्य समितिलाई विधान बमोजिम गोपिनियताको सपथ ग्रहण गराउने।

१९.२.६. निर्वाचन समिति निर्वाचन सम्बन्धित सम्पूर्ण कार्य सम्पन्न गरि, नयां निर्वाचित कार्य समितिलाई विधान बमोजिम गोपिनियताको सपथ ग्रहण गराई सकेपछि स्वतः बिघटन हुने छ।

### १९.३. राष्ट्रिय समन्वय परिषदका अध्यक्ष, पदाधिकारी र सदस्यहरुको उम्मेदवार बन्न चाहिने योग्यता

१९.३.१. राष्ट्रिय समन्वय परिषदका अध्यक्ष, पदाधिकारी र सदस्य पदमा उम्मेदवार बन्नका लागि दफा ५ को उपदफा ५.१ अनुसारको गैर आवासीय नेपालीको हैसियत कायम भएको हुनु पर्नेछ।

१९.३.२. निर्वाचनमा मतदान गर्न वा उम्मेदवार बन्न राष्ट्रिय महाधिवेशनको तोकिएको मितिले १ महिना दिन अगावै पञ्जिकृत सदस्यता लिइ सकेको हुनु पर्नेछ।

१९.३.३. निर्वाचन उम्मेदवारको योग्यताको हकमा राष्ट्रिय समन्वय परिषदको अध्यक्ष, बरिष्ठ उपाध्यक्ष तथा महासचिब पदको उम्मेदवारको हकमा क्षेत्रिय समितिको अध्यक्ष वा राष्ट्रिय समन्वय परिषदको कुनै पनि पदमा कमसेकम १ कार्यकाल पुरा गरेको हुनुपर्ने छ।

१९.३.४. राष्ट्रिय समन्वय परिषदको उपाध्यक्ष र कोषाध्यक्ष पदमा उम्मेदवार बन्नका लागि राष्ट्रिय समन्वय परिषद वा क्षेत्रिय समिति वा कार्यदलको कुनै पनि पदमा कमसेकम १ कार्यकाल वा राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाको पंजीकृत सदस्यता नियमित रुपमा दुई पटक सम्म नविकरण गरि तेश्रो पटक पंजीकृत सदस्यता लिएको पुरा गरेको हुनुपर्ने छ।

१९.३.५. सचिव, सह-कोषाध्यक्ष र सदस्यहरुको लागि राष्ट्रिय महाधिवेशनको मिति भन्दा कम्तिमा १ महिना अगाडी पंजीकृत सदस्यता लिइसकेको हुनु पर्नेछ।

१९.३. ६. युवा तथा बिधार्थी संयोजकका लागि राष्ट्रिय महाधिवेशनको शुरु भएको दिन सम्म ४० वर्ष उमेर नकाटेको हुनु पर्नेछ।

१९.३. ७. महिला संयोजकका लागि राष्ट्रिय महाधिवेशनको शुरु भएको दिन सम्म ४० वर्ष उमेर नकाटेको हुनु पर्नेछ।

१९.३.८. संस्थाको विधानलाई पूर्णरुपमा पालना गरेको हुनुपर्नेछ।

१९.३.९. संस्थालाई कुनै बक्यौता र जिन्सी बुझाउन बाँकी नरहेको हुनुपर्नेछ।

१९.३.१०. संस्थाले आयोजना गरेको अधिकांश कार्यक्रमहरुमा संलग्न रहेको हुनुपर्नेछ।

१९.३.११. संस्थालाई कुनै हानी-नोक्सानी कार्य नगरेको हुनुपर्नेछ।

१९.३.१२. अन्य योग्यताको लागि गैर आवासीय नेपाली संघको विधान र नियमावलीमा उल्लेखित भए वमोजिम हुनुपर्नेछ।

१९.३.१३. राष्ट्रिय समन्वय परिषदको अध्यक्ष पदको लागि लगातार २ कार्यकाल भन्दा बदी उम्मेदवार बन्न पाउने छैन।

१९.३.१४. राष्ट्रिय समन्वय परिषदको कार्य समितिको कुनैपनि पदमा निर्वाचित भएका व्यक्तिहरुले अन्य कुनै राजनीतिक पार्टी वा धार्मिक संघ संस्थाका कार्य समितिमा रहेमा निर्वाचित भएको मितिले ४५ दिन भित्रमा राजिनामा दिनु पर्ने छ।

### १९.४. अन्तराष्ट्रिय समन्वय परिषदको महाधिवेशन प्रतिनिधि चयन प्रकिया

अन्तराष्ट्रिय समन्वय परिषदको कोरियाबाट महाधिवेशन प्रतिनिधि चयन प्रकिया अन्तराष्ट्रिय समन्वय परिषदको विधानको परिच्छेद-५, धारा १३ र अनुसूची ६ अनुरुप हुनेछ।

## परिच्छेद ८

## २०. क्षेत्रिय समितिको गठन काम कर्तव्य र अधिकार

२०.१. राष्ट्रिय समन्वय परिषद दक्षिण कोरियाले दक्षिण कोरियाको भु-बनोट तथा गैर आवासीय नेपालीहरुको बसोवासलाई ध्यानमा राख्दै सबैको उचित सहभागिता र संघको बृहत्तर गतिविधिका लागि यस बिधानको अनुसूची ६ बमोजिम दक्षिण कोरियाको राजनीतिक बिभाजन अनुरुप अधिकतम १७ (सत्र) वटा क्षेत्रीय समितिहरु गठन गर्न सकिनेछ । आवश्यकता र सहजता अनुसार राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियाले एक वा अनेक क्षेत्रिय समितिहरुलाई एक अर्कोमा गाभ्न तथा बिभाजन गर्न सक्ने छ| क्षेत्रिय समितिहरुको भौगोलिक संरचना यस बिधानको अनुसूची ६ बमोजिम निम्न अनुसार हुने छ ।

1) Seoul 서울특별시
2) Busan 부산광역시
3) Daegu 대구광역시
4) Incheon 인천광역시
5) Gwangju 광주광역시
6) Daejeon 대전광역시
7) Ulsan 울산광역시
8) Sejong City 세종특별자치시
9) Gyeonggi-do 경기도
10) Gangwon-do 강원도
11) Chungcheongbuk-do 충청북도
12) Chungcheongnam-do 충청남도
13) Jeollabuk-do 전라북도
14) Jeollanam-do 전라남도
15) Gyeongsangbuk-do 경상북도
16) Gyeongsangnam-do 경상남도
17) Jeju Province 제주특별자치도

२०.२. क्षेत्रिय समिति राष्ट्रिय समन्वय परिषद – दक्षिण कोरियाको मातहतमा रहने छ र नामकरण गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरिय, ......... क्षेत्रिय समिति गरिनु पर्ने छ।

२०.३. क्षेत्रिय समिति देहाय बमोजिम ११ सदस्यीय समिति गठन हुनेछ र क्षेत्रिय समितिको अध्यक्ष राष्ट्रिय समन्वय परिषद – दक्षिण कोरियाको पदेन सदस्य रहने छन। तर पदेन सदस्यहरुको राष्ट्रिय समन्वय परिषदको कार्यकारी समितिको बैठकको निर्णयमा मतदानको अधिकार हुने छैन।

| | |
|---|---|
| अध्यक्ष | १ |
| उपाध्यक्ष | २ |
| महिला उपाध्यक्ष | १ |
| सचिव | १ |
| सह सचिव | १ |
| कोषाध्यक्ष | १ |
| सदस्य | ४ |

२०.४. क्षेत्रिय समितिको अधिवेशन राष्ट्रिय समन्वय परिषद – दक्षिण कोरियाले तोके बमोजिम हुनेछ।

२०.५. क्षेत्रिय समितिको गठन गर्ने वा विघठन गर्ने वा समितिको पदावधि तोक्ने अधिकार राष्ट्रिय समन्वय परिषदलाई हुनेछ । तर पदावधि तोक्दा राष्ट्रिय समन्वय परिषदको पदावधि भन्दा लामो हुनेछैन।

२०.६. क्षेत्रीय समितिको काम कर्तव्य अधिकार राष्ट्रिय समन्वय परिषदले तोके बमोजिम हुनेछ । क्षेत्रीय समिति अन्तर्गत भएका कार्यक्रमहरुको विवरण अर्धवार्षिकी रुपमा राष्ट्रिय समन्वय परिषद - दक्षिण कोरियालाई पेश गर्ने।

२०.७ आवश्यक परेमा सम्बन्धित क्षेत्रका पञ्जिकृत सदस्यहरु मध्येबाट राष्ट्रिय समन्वय परिषदले राष्ट्रिय महाधिवेशन प्रतिनिधि चयन गर्ने अधिकार क्षेत्रीय समितिलाई दिन सक्नेछ।

२०.८. क्षेत्रिय समितिका पदाधिकारी र सदस्यहरु केन्द्रिय समितिको कुनै पनि पदमा उम्मेदवारी वा मनोनित हुन् पुर्व उक्त क्षेत्रिय समितिको जिम्मेवारीबाट राजिनामा दिनुपर्ने छ।

## २१. क्षेत्रिय कार्यसमितिको काम, कर्तव्य र अधिकार

२१.१. समय–समयमा गोष्ठी, प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने।

२१.२. संस्थाको हितको निमित्त विभिन्न अवसरहरुमा रचनात्मक एवं सृजनात्मक कार्यक्रमहरु आयोजना गर्ने गराउने र उक्त कार्यक्रमहरुको अभिलेख त्रैमासिक रुपमा राष्ट्रिय समन्वय परिषदलाई जानकारी गराउने।

२१.३. संस्थालाई गतिशीलता कायम राख्नको लागि योग्य, उत्साहित र प्रतिबद्ध सदस्यहरुको सिफारिस गर्ने।

२१.४. आफ्नो क्षेत्रको साधारण सदस्यहरुको प्रष्ट अभिलेख राख्ने।

२१.५. बढीमा तिन सदस्यीय अनुशासन समिति गठन गर्ने ।

२१.६. राष्ट्रिय समन्वय परिषदको नीति–निर्देशन पालना गर्नु गराउनु क्षेत्रिय कार्यसमितिको काम–कर्तव्य हुनेछ।

२१.७. क्षेत्रले सम्पन्न गर्ने सम्पूर्ण कार्यक्रम तथा बैठकहरु राष्ट्रिय समन्वय परिषदलाई अग्रिम जानकारी गराई सम्पन्न गर्न सक्ने छ। बैठक तथा कार्यक्रमहरुको सम्पन्नता पश्चात सोको निर्णय तथा समिक्षा प्रतिबेदन अनिबार्य रुपमा राष्ट्रिय समन्वय परिषदलाई बुझाउनु पर्ने छ।

२१.८. क्षेत्रले आवश्यकता अनुसार बिभिन्न उपसमितिहरु गठन गर्न सक्नेछ र अनिबार्य रुपमा सोको जानकारी राष्ट्रिय समन्वय परिषदलाई गराउनु पर्ने छ।

## २२. क्षेत्रिय कार्यसमितिको निर्वाचन प्रक्रिया

२२.१. क्षेत्रिय कार्यसमितिको निर्वाचनको लागि क्षेत्रिय कार्यसमितिले एक जना संयोजक सहित आवश्यकता अनुसार निर्वाचन समिति गठन गर्न सक्नेछ र केन्द्रिय कार्यसमितिले उक्त निर्वाचन वा क्षेत्रिय भेलाको पर्वेक्षणका लागि केन्द्रिय प्रतिनिधि खटाउनु पर्नेछ।

२२.२. क्षेत्रिय अध्यक्षहरु केन्द्रिय कार्यसमितिको पदेन केन्द्रिय सदस्य रहने भएकोले केन्द्रिय कार्यसमितिको अन्य कुनै पदाधिकारी पदमा उम्मेदवारी दिन पाउने छैनन साथै क्षेत्रिय समितिका अन्य पदाधिकारी एवं सदस्यहरुले केन्द्रिय कार्यसमितिको कुनैपनि पदमा उम्मेदवारी दिन पाउने छैनन्।

२२.३. क्षेत्रिय कार्यसमितिको अध्यक्ष, पदाधिकारी र सदस्यहरुको पदको लागि १ जना प्रस्तावक र १ जना समर्थक रहेको मनोनयन पत्र निर्वाचन समितिलाई बुझाउनुपर्ने छ।

२२.४. निर्वाचन मत परिणाम बराबर भएमा उम्मेदवारहरुको उपस्थितिमा गोला प्रथा मार्फत विजयी उम्मेदवारको घोषणा गरिने छ।

## २३. क्षेत्रिय कार्यसमितिमा उम्मेदवार हुन आवश्यक योग्यता

२३.१. क्षेत्रिय समितिको अध्यक्षको उम्मेदवार हुन अनिवार्य रुपमा एक कार्यकाल राष्ट्रिय समन्वय परिषद वा क्षेत्रिय कार्य समितिको कुनै पद वा कुनै कार्यदलमा अनिवार्य बसेको हुन पर्नेछ।

२३.२. अन्य पदका हकमा संस्थाको पंजीकृत सदस्यता एक महीना अगावै लिएको व्यक्ति योग्य हुनेछ।

२३.३. कोरियाको जुन क्षेत्रबाट पंजीकृत सदस्यता प्राप्त गरेको छ उक्त क्षेत्रबाट मात्र उम्मेद्वारी दिने र मतदानमा सहभागी हुन पाउने छ।

२३.४. सदस्यता स्थान्तरण गर्नु पर्ने भएमा सोको कारण खुलाई राष्ट्रिय समन्वय परिषदलाई निवेदन दिइ आवश्यक प्रकिया पुरागरी स्थान्तरण गर्न सकिने छ।

## २४. क्षेत्रिय कार्यसमितिका पदाधिकारी र कार्यकारी सदस्यहरुको काम, कर्तव्य र अधिकार

२४.१. अध्यक्षको काम, कर्तव्य र अधिकार

२४.१.१. संस्थाको माथिल्लो निकायबाट प्राप्त नीति-निर्देशन कार्यन्वयन गर्ने गराउने।

२४.१.२. क्षेत्रिय कार्यसमितिको कार्य विभाजन गर्ने र आवश्यकता अनुसार हेरफेर गर्ने।

२४.१.३. क्षेत्रिय अधिवेशन, क्षेत्रिय भेला र क्षेत्रिय कार्यसमितिको बैठकको अध्यक्षता गर्ने तथा क्षेत्रमा संस्थाको नेतृत्व प्रदान गर्ने।

२४.१.४. बैठकमा निर्णायक मत प्रदान गर्नु परेमा निर्णायक मत प्रदान गर्ने।

२४.१.५. क्षेत्रिय कार्यसमितिका पदाधिकारी एबम सदस्यहरुलाई नीति-निर्देशन दिने र उक्त नीति-निर्देशनको कार्यन्वयन गर्ने गराउने।

२४.१.६. प्रत्येक बर्ष क्षेत्रिय भेला बोलाउने र उक्त भेलाबाट कार्यसमितिको वार्षिक कार्यक्रम तथा प्रतिवेदन प्रस्तुत एवं छलफल गरी पारित गर्ने गराउने।

२४.२. उपाध्यक्ष काम, कर्तव्य र अधिकार

२४.२.१. संस्थाको हितको लागि सभापतिलाई आवश्यक सहयोग गर्नुका साथै अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले सम्हालि आएको सम्पूर्ण काम कारवाही गर्ने गराउने।

२४.२.१. सभापतिले अन्य कुनै जिम्मेवारी दिएमा उक्त जिम्मेवारी पूरा गर्ने।

२४.३. सचिवको काम, कर्तव्य र अधिकार

२४.३.१. संस्थाको कार्यालयमा भैपरी आउने सम्पूर्ण काम सभापतिको निर्देशन अनुसार गर्ने गराउने।

२४.३.२. बैठकको लागी पत्राचार गर्ने बैठकको माइनुटिंग गरी दर्ता चलानी दुरुस्त राख्ने ।

२४.३.३. संस्थाको हितको लागि क्षेत्रिय कार्यसमितिलाई आवश्यक राय सुझाब दिने।

२४.४. सह–सचिवको काम, कर्तव्य र अधिकार

२४.४.१. सचिवको अनुपस्थितिमा सचिवले सम्हालि आएको सम्पूर्ण कार्यभार सम्हाल्नुका साथै दैनिक कार्यमा सचिवलाई सहयोग गर्ने र संस्थाको हितको निमित्त आवश्यक सुझाब दिने।

२४.५. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

२४.५.१. संस्थाको दैनिक आय-व्ययको हिसाब दुरुस्त राख्ने।

२४.५.२. विभिन्न शिर्षकबाट आएको रकमहरुको हिसाब दुरुस्त राख्ने।

२४.५.३. संस्थाको आय-व्यय त्रैमासिक प्रतिवेदन तयार गरी बैठकमा प्रस्तुत गर्ने।

२४.६. सदस्यहरुको काम, कर्तव्य र अधिकार

२४.६.१. क्षेत्रिय कार्यसमितिको कार्यसम्पादनमा सभापतिलाई सहयोग गर्नुका साथै प्रत्येक बैठकमा उपस्थित हुने।

२४.६.२. बैठकमा संस्थाको हितको लागि आवश्यक रचनात्मक राय प्रस्तुत गर्ने।

२४.६.३. संस्थाको आचारसंहिता भित्र रहि संस्थाले दिएको जिम्मेवारीका कामहरु सम्पन्न गर्ने।

## २५. पद रिक्तता र पदपूर्ति

२५.१. राष्ट्रिय समन्वय परिषद कोरियाको कार्य समिति तथा त्यस मातहत गठित विभिन्न क्षेत्रीय समितिका पदाधिकारी सदस्यहरुको देहायको अवस्थामा पद रिक्त हुनेछ।

२५.१.१. निजले रित पुर्वक राजिनामा गरि सम्बन्धित समितिले राजिनामा स्वीकृत गरेमा।

२५.१.२. व्यक्तिगत कारणले स्थायी रुपमा कोरिया बाहिर जानु परेमा।

२५.१.३. वैठकको सुचना प्राप्त गरेको ठोस प्रमाण रहेको तर विना सुचना लगातार तीन पल्ट वैठकमा अनुपस्थित भएमा कार्यसमितिको निर्णय अनुसार ।

२५.१.४. निजको मृत्यू भएमा वा मानसिकरुपमा अस्वस्थ भएमा।

२५.१.५. संस्थाको अहित हुने गतिविधिमा लागि राष्ट्रिय समन्वय परिषदले कारवाही गरि सो कारवाही अन्तराष्ट्रिय समन्वय परिषदबाट पनि सदर भएमा निज वहाल रहेको पद रिक्त हुनेछ।

२५.१.६. कुनै राजनैतिक पार्टीको राष्ट्रिय, क्षेत्रिय वा अन्तराष्ट्रिय समितिको प्रमुख पदमा निर्वाचित भएमा कार्यसमितिको निर्णय अनुसार। यसरी प्रमुख पद भन्नाले संरक्षक, अध्यक्ष, उपाध्यक्ष, महासचिब, सचिब, कोषाध्यक्ष तथा प्रवक्ता वा सो सरहका पदलाई बुझिने छ |

२५.२. यो विधानको धारा १३.३ र  २०.३ बमोजिम रित्त हुन आएको पदमा देहाय बमोजिम पदपूर्ति गरिनेछ ।

२५.२.१. राष्ट्रिय समन्वय परिषदका पदाधिकारी सदस्यहरुको हकमा राष्ट्रिय समन्वय परिषदले र क्षेत्रीय समितिका पदाधिकारी वा सदस्यको हकमा क्षेत्रीय समितिले बाँकी अवधि सम्मकालागि पदपूर्ति गर्नेछ । उक्त पदपूर्ति रिक्त रहेको २ महिना भित्रमा गर्नु पर्नेछ।

२५.२.२. कार्य समितिका पदाधिकारीहरुले राष्ट्रिय समन्वय समितिले तोकेको मासिक लेवी लगातार ३ महिना सम्म ताकेता गर्दा पनि न तिरेमा, कार्यसमितिबाट निस्काशन गर्न सकिने छ । तत् पश्चात उक्त व्यक्ति राष्ट्रिय समन्वय परिषद वा अन्तराष्ट्रयि समन्वय परिषद को कुनै पनि पदमा कम्तिमा १ कार्यकालको लागि योग्य हुने छैन्।

२५.२.३. रिक्त भएको पदहरुमा संघको गरिमा र उद्देश्य प्राप्तीको लागि योग्य पञ्जिकृत सदस्यहरु मध्येबाट कार्य समितिको निर्णय अनुसार राष्ट्रिय समन्वय परिषदका पदाधिकारी, सदस्य र पंजीकृत सदस्यहरु मध्येबाट रोलक्रमका आधारमा  पदपूर्ति गर्न सक्नेछ। उक्त पदपूर्ति रिक्त रहेको २ महिना भित्र गर्नु पर्नेछ ।

## परिच्छेद ९

### २६. कोष

२६.१. राष्ट्रिय समन्वय परिषद -दक्षिण कोरियाको आफ्नो कोष हुनेछ, जसमा सदस्यता शुल्क, सरकारी अनुदान, व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, प्रकाशन सामग्रीहरुको विक्रि वितरणबाट प्राप्त रकम, विभिन्न कार्यक्रमहरुको आयोजनाबाट प्राप्त रकमको आम्दानी मानिनेछ।

२६.२. कोषको रकम राष्ट्रिय समन्वय परिषदको नाममा बैङ्कखाता खोली जम्मा गरिने छ।

२६.३. राष्ट्रिय समन्वय परिषदका कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुने गरि अध्यक्ष वा महासचिवको हस्ताक्षरबाट उक्त खाता सञ्चालन गरिने छ।

२६.४. राष्ट्रिय समन्वय परिषदले नियुक्त गरेका लेखा परिक्षक द्वारा वार्षिक रुपमा लेखा परिक्षण गरिनेछ।

२६.५. लेखा परिक्षकको प्रतिवेदन अन्तराष्ट्रिय समन्वय परिषद, राष्ट्रिय समन्वय परिषद कोरियाका सम्पूर्ण पदाधिकारी सदस्यहरु र कोरियाका सम्पूर्ण पञ्जिकृत सदस्यहरुलाई उपलब्ध गराइनेछ ।

## परिच्छेद १०

# विविध

## २७. विधानको व्याख्या

यो विधानको व्याख्या गर्ने अधिकार अन्तराष्ट्रिय समन्वय परिषदले तोकेको प्रतिनिधि सहितको राष्ट्रिय परिषदबाट स्थापित विधान संसोधन तथा  ब्याख्या समितिमा अर्न्तनिहित हुने छ।

२७.१. राष्ट्रिय परिषदले १ जना संयोजक सहित आवश्यकता अनुसार सदस्यहरु रहने गरि विधान संसोधन तथा  ब्याख्या समिति गठन गर्न सक्नेछ।

## २८. विधानको संसोधन

यस विधानको कुनैपनि धारा उपधाराको संसोधन खारेजी तथा थपघट वा परिवर्तन गर्ने प्रस्ताव कार्यकारी समितिको सदस्यहरुमध्येबाट २५ प्रतिशतले पेश गर्न सक्ने छ । तर प्रस्ताव पेश गर्नु अघि अन्तराष्ट्रिय समन्वय परिषद सदस्य मार्फत अन्तराष्ट्रिय समन्वय परिषदको परामर्श लिनु पर्नेछ।

यसरी पेश गरिएको प्रस्ताव विशेष अधिवेशनद्धारा दुई तिहाई  बहुमतको आधारबाट पारित गर्न सक्ने छ। विधानको कुनै पनि धाराहरु खारेज वा संसोधन गर्ने प्रस्ताव पारित भएमा सो प्रस्ताव तुरुन्त लागु हुने।

## २९. अन्य संघ संस्थाहरुसँगको सहकार्यता

राष्ट्रिय समन्यव परिष्दले यस विधानमा उल्लेख गरिएका उद्देश्यहरु प्राप्तिका लागि नेपाली एवं गैर नेपाली सामाजिक संघ संस्थाहरुसँग सहकार्य तथा विभिन्न गतिविधिको समन्वय गर्न सक्नेछ।

## ३०. राष्ट्रिय समन्वय परिषदको विघटन

गैर आवासीय नेपाली संघ अन्तराष्ट्रिय परिषदको विधानको धारा १७.७. बमोजिम कार्वाही भएमा वा सम्पूर्ण पञ्जिकृत सदस्यहरुको साधारण बहुमतले चाहेमा राष्ट्रिय समन्वय परिषद -दक्षिण कोरिया  विघटन हुनेछ। राष्ट्रिय समन्वय परिषद विघटन भएको मितिले बढिमा ३ महिना भित्र विशेष राष्ट्रिय महाधिवेशनको बैठकबसी नया राष्ट्रिय समन्वय परिषदको निर्वाचन सम्पन्न गर्नु पर्नेछ। राष्ट्रिय समन्वय परिषद विघटन भई नया कार्य समिति नबनेमा संस्थाको सम्पत्ति तथा कोष स्वतः अन्तर्राष्ट्रिय समन्वय समितिलाई हस्तान्तरण हुने छ।

## ३१. लागू हुने कानून

यो विधान र राष्ट्रिय समन्वय परिषदको हकमा दक्षिण कोरियाको प्रचलित कानूनले  वर्जित गरेको हद बाहेक गैर आवासीय नेपाली संघको विधान लागू हुनेछ।

३१.१. यो विधानको अन्य सबै वा आंशिक धारा उपधाराहरु संशोधन गर्न सकिनेछ । तर विधान संशोधन धारा भने परिवर्तन वा खारेज गर्न सकिने छैन।

## अनुसूची–१

संघको प्रतिक चिन्ह :

दुई अर्ध वृत्तको घेरा भित्र अंग्रेजी ठूलो अक्षरमा NRNA लेखिएको माथि दुई हिमालयहरुको बीचमा उदाउँदै गरेको सूर्य र तल्लो अर्ध वृत्तमा अंग्रेजीभाषाको ठूलो अक्षरमा FOR NEPALI BY NEPALI लेखिएको चिन्ह नै संघको प्रतिक चिन्हको नमुना हुनेछ।

**प्रतिक चिन्हको नमुना:**

उदाउँदै गरेको सूर्यले गैरआवासीय नेपालीहरुको अभिलाषा, दुई हिमालयहरुले नेपाल, NRNA ले गैर आवासीय नेपालीहरु, FOR NEPALI BY NEPALI ले संघको मन्त्र र दुई अर्ध वृत्तहरुको घेराले पुथ्वीको प्रतिनिधित्व गर्छ।

**अनुसूची–२**

कार्यालयको छाप:

संघको अन्तराष्ट्रिय परिषद र राष्ट्रिय परिषदको कार्यालयको छाप गोलाकार, गोलाकार भित्र नेपाली र अंग्रेजी भाषामा संघको "नाम गैर आवासीय नेपाली संघ ", "Non-Resident Nepali Association' लेखिएको र त्यस भित्र दुई अर्ध गोलाकार वृत्तहरु, तिनीहरुको बीचमा NRNA NCC-South Korea लेखिएको अंग्रेजी ठूलो अक्षरमा NRNA लेखिएको ठीक माथि दुई हिमालयको चुचुराहरुको बीचमा उदाउँदै गरेको सूर्य र तल अंग्रेजी अक्षरमा FOR NEPALI BY NEPALI लेखिएको वाक्य हुनेछ।

## अनुसूची – ३

कार्यालयको लेटर हेडको नमुना अंग्रेजी भाषामा देहाय बमोजिम हुनेछ :

**अनुसूची – ४**


आवेदन फारमको नमुना :

## अनुसूची – ५

संघको डिजिटल परिचयपत्रको नमुना नेपाली वा अंग्रेजी भाषामा देहाय बमोजिम हुनेछ :

**अनुसूची – ६**

**क्षेत्रिय समिति गठन कार्यविधि :**



## अनुसूची – ७

शपथ

म सत्यनिष्ठापूर्वक एवं विवेकपूर्वक सपथ लिन्छु कि यो विधान र यसको अधीनमा बन्ने नियम, उपनियमहरुको पालना गर्नेछु। म कहिल्यै पनि विधानले मलाई दिएका अख्तियारीको दुरुपयोग गर्ने एवं पदको गोपनियता भंग गर्ने कार्य गर्ने छैन। म गैर आवासीय नेपाली संघको मुल्य र मान्यताहरुलाई सदा सर्वोकृष्टताका साथ आत्मासात गर्ने मेरो प्रतिवद्धतालाई अभिव्यक्त गर्दछु।

समाप्त

विधान संशोधन तथा परिमार्जन समिति (२०२२ )

संयोजकः डा.  बिमल सुबेदी

सदस्य: श्री सिरी सत्याल